" कषि. उर्जा. पर्यटन र प्रविधिः हिलिहाङ गाउँपालिकाको समद्धि "

हिलिहाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर

प्रदेश नं. १, नेपाल

अध्यक्ष :- ९८५२६८४४९९

उपाध्यक्ष :- ९८६२७७२८७९

प्र. प्र. अ :- ९८५२६८४४७७

पं. सं. :- २०७७/०७८

चं. नं.

मिति:- २०७७/११/०५

**विषय: भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निबेदन दिने सम्बन्धी सूचना।**

भूमि सम्बन्धी समस्या समाधान आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि मिति २०७७/१०/९ गते प्रकाशित सूचना बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले आफूले बसोबास वा आवाद कमोत गरेको जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी तपशिलका कागजातहरु सम्लग्न राखी यस गाउँपालिकाबाट घरदैलोमा खटिएका लगत संकलकहरुलाई सही सूचना दिएर सम्बन्धित वडा कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले आयोगले तोकेको अनूसुची–३ र अव्यवस्थित बसोबासीको हकमा अनूसुची–४ बमोजिमको ढाँचाको निबेदन फाराम प्रयोग गर्नु पर्ने छ।

२. नागरिकत्ता प्राप्त परिबारका सबै सदस्यहरुको नागरिकत्ता प्रमाणपत्रको प्रतिलिपि र परिबारमूली र निजको पति, पत्निको हालसालै खिचेको पासपोर्ट साईजको फोटो सम्लग्न गर्नु पर्ने छ।

३. अव्यवस्थित बसोबासीको हकमा आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि।

४. भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउँदा वा अव्यवस्थित बसोबासीलाई ब्यबस्थापन गर्ने क्रममा कुनै ब्यक्तिले जग्गा प्राप्त गर्ने उद्देश्यले झुठो बिवरण पेश गरेमा भूमि सम्बन्धी ऐन २०२१ को दफा ५२ (घ) बमोजिम दण्ड सजाय हुने छ।

५. नाप नक्शा हुने क्षेत्रमा आ–आफूहरुले घरबास तथा आवाद कमोत गरेको जग्गाको साँधसीमाना स्पष्ट गर्ने।

६. आफूसँग भएका अन्य प्रमाण जस्तै घरसारको कागजको प्रतिलिपि, मतदाता परीचयपत्र, बिधुत पानीको महशुल बुझाएको प्रमाण पेश गर्ने।

७. जग्गाधनी पूर्जा भएको तर प्राकृतिक प्रकोपको कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना नभई त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेका भूमिहीनको हकमा सो विषयको मालपोत कार्यालयको लगतकट्टा समितिको निर्णय र मालपोत कार्यालको पत्र पेश गर्ने।

८. भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले नेपाल राज्य भित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन झुठा ठहरे कानून बमोजिम सहन बुझाउन भञ्जुर छु भनि गरेको स्वयं घोषणा सम्लग्न गर्नुपर्ने छ।

९. भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आय आर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ छु भनि गरेको स्वयं घोषणा पेश गर्नु पर्ने छ।

१०. भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीले सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनि गरेको स्वयं घोषणा पेश गर्नु पर्ने छ।

**नोटः आयोगबाट जारी भएको निर्धारित ढाँचाको निबेदन (अनूसुची-३ र ४ लगायत अन्य फारामहरु) तथ्याङ्क संकलकहरुलाई बुझाईएको छ।**

०७७/११/०५

बिक्रम लिम्बु

प्रमुख प्रशासकीय अधिकृत